ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ

पत्र सङ्ख्या: २०८०।०८१
चलानी नम्बर: ०१९६०

गण्डकी प्रदेश, नेपाल
मितिः २०८०।११।२९

विषयः सूचना टाँस गरी जानकारी उपलब्ध गराइदिनुहुन।

श्री वडा कार्यालयहरू सबै

ढोरपाटन नगरपालिका, बागलुङ।

प्रस्तुत विषयमा मालपोत कार्यालय बुर्तिबाङ बागलुङको च.नं. ४३६, मिति २०८०/११/२४ को पत्रानुसार छुट जग्गा दर्ता सम्बन्धी सूचनाको सबै वडा कार्यालयमा पत्राचार गरी जानकारी गराइदिनुहुन भनी लेखी आएकोले सूचना र राजपत्र यसै पत्रासाथ संलग्न गरी पठाइएको छ। उक्त पत्रानुसार सूचना टाँस गरी जानकारी उपलब्ध गराइदिनुहुन अनुरोध छ।

.....
चण्डीराज पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

ढोरपाटन नगरपालिका

नेपाल सरकार

भूमिव्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमिव्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय

बुर्तिबाङ, बागलुङ

☎०६८-४१०१५८

पत्र सं. २०८०/०८१

मितिः २०८०-११-२३

च.नं.

विषयः नापजाँच भएका छुट जग्गा दर्ता सम्बन्धि सूचना।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग बबरमहल काठ्माण्डौ प.सं. २०८०/०८१/ज.प्र.१६/१/६०२ चलानी नं. २००४ मिति २०८०/१०/२४ गतेको पत्र अनुसार मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (२) को प्रयोजनार्थ रैकर र गुठी जग्गा अन्तरगतको छुट जग्गा दर्ता सम्बन्धमा मालपोत नियमावली, २०३६ को नियम ४ "क" को उपनियम (१) बमोजिमको सूचना खण्ड ७३ संख्या ५० नेपाल राजपत्र भाग-५ मिति २०८०/१०/११ मा प्रकाशित भएको, उक्त सूचना अनुसार जग्गा (नापजाँच) ऐन २०१९ बमोजिम नापनक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने जग्गावालाले तपशिलबमोजिमका कागजातहरु संलग्न राखि यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारिका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

१. क्षेत्रीय किताब (फिल्ड बुक) उतारको प्रमाणित प्रतिलिपि,
२. नक्साको प्रमाणित प्रतिलिपि,
३. मालपोत तिरेको निश्सा वा प्रमाण,
४. नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
५. साविक जग्गाको विवरण,
६. भूमि सम्बन्धि नियमहरु २०२१ को अनुसूची-७ (जग्गाको विवरण),
७. स्थानिय तहको किटानि सिफारिस,
८. नामसारी दर्ता गर्नुपर्ने भए मृत्यु दर्ता प्रमाण पत्र, नाता प्रमाणित प्रमाण पत्र र हकवाला एकिन भएको किटानी सिफारिस,
९. दाखिला खारेज दर्ता गर्नु पर्ने भए हक पुगेको लिखत वा प्रमाण,
१०. अन्य आवश्यक कागजात तथा प्रमाणहरु।

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, माघ ११ गते, २०८० साल (संख्या ५०

भाग ५

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

सूचना

नेपाल सरकारले मालपोत नियमावली, २०३६ को नियम ४क. को उपनियम (१) को प्रयोजनको लागि जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम नाप नक्सा भएको तर दर्ता गर्नसम्म छुट भएका जग्गा दर्ता गर्न चाहने सम्बन्धित जग्गावालाले सम्बन्धित मालपोत कार्यालयमा निवेदन दिने र सो सम्बन्धमा यस अघि नै निवेदन परी फछ्यौंट हुन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

बाँकी रहेका पुराना निवेदन फछर्यौट गर्ने म्याद यो सूचना प्रकाशन भएको मितिले दुई वर्ष तोकेकोले यो सूचना प्रकाशन गरिएकको छ।

आज्ञाले,
गोकर्णमणि दुवाडी
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.मु.व.नं. १५।२०८२।६१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।